प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०४/०६

(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ८, चितवनमा ५, रामेछापमा २, काभ्रेमा १, नुवाकोटमा १ र ललितपुरमा १ गरी जम्मा१८ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- रसुवा जिल्लामा संक्रमितहरु मध्ये सबै निको भएका र आज थप कुनै पनि संक्रमण फेलापरेको छैन।यसलाई आधार मान्दा आजको मितिमा पनि रसुवा जिल्ला संक्रमण मुक्त रहेको छ तर जोखिमलाई नकार्न भने सकिने अवस्था रहेको देखिदैन।
- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब ५ प्रतिशत (४.९%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १७९९४(१००%) | ८८२ (१००%) |
| निको भएको | १२४७७ (६९.३%) | ४५२ (५१.२%)* |
| उपचाररत | ५४७७(३०.४%) | ४२१ (४७.७%)* |
| मृत्यु भएको | ४० (०.३%) | ९ (१.०%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०४/०६

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ११३०९ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले १५५६ जना बस्दै आउनुभएको र १५३४ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १३०८ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३२० जना बस्दै आउनुभएको छ। आजको मिती

सम्मको विवरण अनुसार ३५९९९ जनाको आर डी टी परिक्षण गरिएकोमा ८५१ जनाको पोजिटिभ आएको छ र २३६०० जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मासंकलित स्वाबसंख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १३६३ | २५१ | ९२ | २७० | ७८ | १०४९२ | १०१७७ | ३१५ | ५३३८ | ८ | २५७ |
| ललितपुर | ३४५ | ३१ | ८० | २२१ | १७४ | ४६३० | ४५७५ | ५५ | २५३८ | १ | ७९ |
| भक्तपुर | ३१३ | ५२ | १२ | ४२ | २ | २२७७ | २२५७ | २० | २३४५ | | ४९ |
| रसुवा | २८७ | २४ | ० | ३५ | ० | ६५५ | ६४३ | १२ | १६९ | | ११ |
| नुवाकोट | १११३ | १७२ | २८३ | ३८ | ९ | ३१५१ | २९८६ | १६५ | ६७८ | १ | ३६ |
| धादिङ | ११३४ | ८३ | ३० | १२८ | ४ | ३०६८ | २९२४ | १४४ | १२९२ | | १३० |
| चितवन | २४६५ | ४३६ | २३७ | ३०२ | २७ | १८३८ | १८२३ | १५ | ५६०५ | ५ | ११८ |
| सिन्धुली | ४३० | ११९ | ० | २४ | ४ | १२१६ | ११८२ | ३४ | १००२ | | २४ |
| मकवानपुर | ४०६ | ७१ | ६०८ | ३५ | १३ | १९२३ | १९०३ | २० | १६१२ | | ४३ |
| रामेछाप | ५०९ | ७० | ० | ७५ | ० | ८९२ | ८८४ | ८ | ४८७ | २ | ३५ |
| दोलखा | ११८५ | २६ | १ | ४१ | ० | १७१६ | १७०५ | ११ | ३३१ | | १० |
| काभ्रे | ८५१ | १४८ | १०८ | २७ | २ | २७०३ | २६६३ | ४० | ८२४ | १ | २१ |
| सिन्धुपाल्चोक | ९०८ | ७३ | ८३ | ७० | ७ | १४३८ | १४२६ | १२ | १३७९ | | ६९ |
| जम्मा | ११३०९ | १५५६ | १५३४ | १३०८ | ३२० | ३५९९९ | ३५१४८ | ८५१ | २३६०० | १८ | ८८२ |

श्रोत; पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

## ❖ हेटौंडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


हेटौंडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | परिक्षण हुने क्रममा रहेको स्वाबको संख्या |
|---|---|---|---|---|---|
| | | | पोजिटिभ | नेगेटिभ | |
| १२१६८ | २६१ | १९ | १ | १८ | ८२४ |

हिजो परिक्षण हुने क्रममा रहेको र आज प्राप्त स्वाब (नमुना) मध्ये १ वटा फलो-अप नमुनाको नतिजा पोलितिभ आएको छ ।

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०४/०५

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०४/०५

- कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय : http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/
-नेपालसरकारगृहमन्त्रालय : https://covid19.ndrrma.gov.np/
-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates
-बिश्व स्वास्थ्य संगठन/नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई